"पाँचखाल नगर-कृषि सहर"
# पाँचखाल नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

प.सं.: ०७७/७८
च.नं.:

फोन नं.: ०११-४९९४५१
फ्याक्स: ०११-४९९२३७

मितिः २०७७।१२।१७

विषयः द्वन्द्व प्रभावित परिवारलाई सहायता गर्ने सम्बन्धी सूचना ।

बागमति प्रदेश, आन्तरिक मामिला तथा कानून मन्त्रालयको मिति २०७७/१२/१३ गतेको नागरिक दैनिक पत्रिकामा प्रकाशित सूचना र ऐ. ऐ. मन्त्रालयको द्वन्द्व प्रभावित परिवारलाई सहायता गर्ने सम्बन्धी कार्यविधि, २०७७ बमोजिम द्वन्द पीडित तथा निजको परिवारले ऐ. ऐ. कार्यविधिको अनुसूची -१ बमोजिमको ढाँचामा तोकिएको कुनै एकमात्र सहायताको शीर्षक छनौट गरी देहायको कागजात संलग्न गरी यसै चैत्र मसान्तभित्र पाँचखाल नगरपालिकाको कार्यालयमा निवेदन दिनुहुन आदेशानुसार अनुरोध छ ।

**देहायः**

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र हालसालै खिचेको दुई प्रति फोटो

(ख) आधिकारिक निकायबाट जारी भएको परिचय पत्र वा प्रचलित कानून बमोजिम नेपाल सरकारको आधिकारिक निकायबाट द्वन्द पीडित भनी सूचीकरण भएको पुष्ट्याइ गर्ने कागजात,

(ग) पहिला यस किसिमको सुविधा नलिएको स्वःघोषणापत्र

(घ) औषधि उपचारको हकमा चिकित्सकको प्रेश्क्रप्सन र औषधि खरिद गरेको सक्कल बिल,

(ङ) स्वरोजगार मूलक व्यवसाय गर्न चाहने व्यक्तिको हकमा व्यवसायका लागि आवश्यक पर्ने सम्बन्धित सिपको प्रमाणपत्र, व्यबसाय दर्ता प्रमाणपत्र, स्थानीय सिफारिस र व्यवसायमा आफ्नो लगानीको कार्ययोजना

(च) सम्बन्धित माग निवेदनसँग पुष्टयाई हुने अन्य कागजातहरु

**नोटः** थप जानकारीका लागि पाँचखाल नगरपालिकाको स्थानीय समितिका सचिव अधिकृत छैटौं श्री उमा श्रेष्ठ ९८५२६७१०३५ मा सम्पर्क गर्नुहुन अनुरोध छ । मन्त्रालयको सूचना, कार्यविधि र अनुसुची फारम यसै सूचना साथ संलग्न गरिएको छ ।

२०७७/१२/१७

राजेश बन्जारा
प्रशासकीय अधिकृत
**प्रशासकीय अधिकृत**

**बोधार्थः** **श्री वडा समितिको कार्यालय**, सबै, पाँचखाल नगरपालिका (टोल बस्तिमा सूचना टाँस एवं प्रचारप्रसार गर्नुहुन) ।
श्री सूचना प्रविधि अधिकृत, पाँचखाल नगरपालिकाको कार्यालय (सूचना प्रविधि सञ्जाल मार्फत वडा कार्यालय एवं सरोकारवाला सबैमा जानकारी पठाउनुहुन) ।

प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

पत्र संख्या : प्र.०७७/७८
चलानी नं. : ६६८

प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश हेटौंडा, मकवानपुर, नेपाल

मिति- २०७७।१२।१६

विषय - सूचना प्रकाशित सम्बन्धमा ।

श्री स्थानीय तह सबै
बागमती प्रदेश ।

उपरोक्त सम्बन्धमा यस मन्त्रालयबाट द्वन्द्व प्रभावित परिवारलाई सहायता गर्ने कार्यक्रम सम्बन्धी मिति २०७७।१२।१३ गतेको नागरिक दैनिक पत्रिकामा प्रकाशित सूचना यसै साथ संग्लन छ । सो सूचना सबै वडा कार्यालय लगायतका सार्वजनिक स्थानहरुमा टाँस गर्ने एवं सार्वजनिक प्रचार प्रसार गर्ने व्यवस्था गर्नुहुन र **"द्वन्द्व प्रभावित परिवारलाई सहायता गर्ने सम्बन्धी कार्यविधि, २०७७"** को अनुसूची -१ बमोजिमको ढाँचामा तोकिएको म्याद भित्र स्थानीय समिति समक्ष पर्न आएका निवेदनहरु समितिबाट छानविन गरी निर्णय सहित रकम निकासाको लागि सिफारिस गरी समयमै पठाउनुहुन उक्त कार्यविधि (मन्त्रालयको **Website www.moial.bagamati.gov.np** बाट **download** गर्न सकिने) यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

पेसल कुमार पोखरेल
शाखा अधिकृत

**बोधार्थ**

श्री जिल्ला समन्वय समितिको कार्यालय सबै,
बागमती प्रदेश :- आवश्यक समन्वय गरी सहयोग गरिदिनुहुन ।

फोन नं.०५७-५२७५१२, ०५७-५२७५१३फ्याक्स :०५७-५२७५१५ईमेल: moial@bagamati.gov.np
वेभ साईट:moial.bagamati.gov.np

नागरिक दैनिक - २०७७।१२।१३ गते

प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश

हेटौडा, मकवानपुर

## द्वन्द्व प्रभावित परिवार लाई सहायता गर्ने कार्यक्रम सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः-२०७७।१२।१३ गते

संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका सबै किसिमका राजनितिक आन्दोलनहरुमा जीवन उत्सर्ग गर्ने सहिद,मृतक,बेपत्ता परिवार,घाईते तथा अपाङ्गता भएका व्यक्ति एवं परिवारलाई स्वास्थ्य,सीप विकास तथा क्षमता अभिबृद्धि र रोजगारी लगायतका कार्यक्रममा सहयोग गर्न आर्थिक वर्ष २०७७/०७८ को नीति कार्यक्रम तथा बजेटमा भएको व्यवस्था अनुसार प्रदेश सरकारबाट स्वीकृत **"द्वन्द्व प्रभावित परिवार लाई सहायता गर्ने सम्बन्धी कार्यविधि, २०७७"** अनुसार बागमती प्रदेश भित्रका १३ वटा जिल्लाका द्वन्द्व प्रभावित व्यक्ति र परिवारका सदस्यलाई सहायता गर्ने कार्यक्रम रहेकोले कार्यविधि अनुसार विगत बर्षहरुमा प्रदेश सरकारवाट यस बमोजिमको सहायता रकम नलिएका द्वन्द्व प्रभावित व्यक्ति र परिवारका सदस्यले देहाय बमोजिमको कुनै एक शीर्षकमा सहायता प्राप्तिका लागी कार्यविधिको दफा ५ को उप दफा (१) बमोजिमका कागजातहरु संलग्न गरी तोकिएको विवरण खुलाई २०७७ चैत्र मसान्त भित्र सम्बन्धित स्थानीयतहमा रहेको स्थानीय समिति समक्ष कार्यविधिको अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन गर्नुहुन सम्बन्धित सरोकारवाला सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

**सहायता सम्बन्धि व्यवस्था**

**(१) औषधि उपचार**

**(२) सीप विकास**

**(३) स्वरोजगार मूलक व्यवसाय**

थप जानकारीको लागी सम्बन्धित स्थानीय तह र मन्त्रालयको

**website:- www.moial.bagamati.gov.np** वा

फोन नं.०५७-५२२८४१,५५२७५१३,५२७५१४ मा बुझ्न सकिने छ।